गाउँपालिकाका उपाध्यक्ष ज्यू, गाउँसभाका सदस्य ज्यूहरु, राष्ट्रसेवक कर्मचारीहरु

- सम्पुर्ण राष्ट्र नै कोभिड-१९, नामको कोरोना भाइरस (दोस्रो भेरियन्ट) बाट सिर्जित विश्वव्यापी महामारीका कारण उत्पन्न असहज परिस्थिति र निषेधाज्ञाबीच आज म आर्थिक बर्ष २०७८/७९ को नीति तथा कार्यक्रम यस गरीमामय सभा समक्ष प्रस्तुत गर्न गइरहेको छु।
- यस चुनौतिपूर्ण घडिमा गाउँसभालाइ सम्बोधन गरिरहँदा म संघीय शासन प्रणाली र समाजवाद उन्मुख लोकतान्त्रिक गणतन्त्रात्मक राज्य स्थापनाका लागी भएका आन्दोलन र संघर्षहरुमा बलिदान गर्ने सम्पूर्ण ज्ञात अज्ञात शहिदहरुप्रति उच्च सम्मानका साथ भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछु साथै यस अवसरमा घाइते योद्धा र बेपत्ता नागरिकहरुलाइ सम्मानका साथ सम्झन चाहन्छु। ती आन्दोलनहरुको नेतृत्व गर्नुहुने अग्रजहरुप्रति उच्च सम्मान व्यक्त गर्दछु,नेपालि समाजको रुपान्तरणमा उहाँहरुले पुर्याउनु भएको महान योगदानको पुनःस्मरण गर्न चाहन्छु।
- कोभिड-१९ को (दोस्रो भेरियन्ट) का कारण उत्पन्न संकट तथा संक्रमणलाइ फैलिन नदिन गरिएको निषेधाज्ञा पुर्ण परिपालना गरि संक्रमण फैलिन नदिन यस ओमसतियाबासी आमा,बुबा, दाजुभाई तथा दिदिबहिनीहरुले गर्नुभएको सहयोग प्रति आभार व्यक्त गर्न चाहन्छु। साथै यस महामारिबाट ज्यान गुमाउनुहुने सम्पुर्ण नेपाली जनता,गाउँपालिकाबासी लगायत मित्र राष्ट्रका नागरिकहरुका शोकाकुल परिवारजनप्रति गहिरो समवेदना व्यक्त गर्दछु। उपचाररत सम्पुर्ण आमाबुवा,दाजुभाई,तथा दिदिबहिनीहरुको शिघ्र स्वास्थ्यलाभको कामना गर्दछु।
- यस महामारी रोकथाम, नियन्त्रण र उपचारका लागी यस गाउँपालिकाले विपद व्यवस्थापन कोष स्थापना गरी पूर्ण सामर्थ्यका साथ कार्य सम्पादन गर्दै आइरहेको व्यहोरा यस सभालाइ जानकारी गराउन चाहन्छु । उक्त कोषमा योगदान पुर्याउनु हुने सबैमा धन्यबाद दिन चाहन्छु। आगामी दिनमा पनि यस्तै सहयोगको अपेक्षा गरेको छु।
- महामारी रोकथाम र नियन्त्रणका लागि अपनाइएको निषेधाज्ञा,सामाजिक दुरी, लगायतका कार्यमा अनुशासित र सक्रियतापूर्वक सहयोग गर्नुहुने सम्पुर्ण ओमसतिया बासी प्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु र यसको रोकथाम र नियन्त्रणमा अग्रपङ्तिमा खट्नुहुने चिकित्सक, स्वास्थ्यकर्मी, तथा व्यवस्थापन कार्यमा संलग्न सबै

कर्मचारी तथा जनप्रतिनिधि एवम् राजनैतीक दल,सुरक्षाकर्मी र सामाजिक अभियान्ताहरुलाइ हार्दिक धन्यवाद दिन चाहन्छु। आज सारा विश्व साझा तर अदृश्य दुस्मनका बिरुद्ध कठिन युद्ध लडिरहेको सन्दर्भमा हामीबिच आपसी ऐक्यबद्धता,सहकार्य,आत्मविश्वासको ठुलो खाँचो छ।

- संघीय गणतन्त्र नेपालको संविधान सभाबाट निर्मित नेपालको पहिलो संविधान, २०७२ अनुसार गठित स्थानीय तहमा हामी स्थानीय सरकार जननिर्वाचित भ: सरकार संचालन गरेको करिव ४ बर्ष पुगेको कुरा विदितै छ यो अवस्था सम्म आउँदा हामीले समग्र ओमसतिया गाउपालिकाको विकास, निर्माण तथा समृद्ध नेपाल सुखी नेपालीको नारालाइ मुर्त रुप दिन विविध कार्यहरु गर्दै चार आर्थिक वर्षको बजेट कार्यान्वयन गर्‍यौं।
- देशमा उत्पन्न वर्तमान विभिन्न राजनितिक परिस्थितिको बिचमा पनि हामी यस ओमसतिया गाउँपालिकालाई समृद्ध,समुन्नत र विकाशको मार्गमा अघि बढाउन सफल भएका छौ र आगामि दिनहरुमा पनि ओमसतिया गाउँपालिका भित्रका विभिन्न राजनितिक दल,नागरिक समाज,बुद्धिजीवी,विभिन्न पेशाकर्मि लगायत सम्पुर्ण गाउँपालिकाबासीको साथ,सहयोग र सकारात्मक सुझावको अपेक्षा गर्दछु।
- हाल विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाइरस (कोभिड-१९) को दोस्रो भेरियन्टले गर्दा आम जनजीवनमा पारेको असरले ओमसतिया गाउपालिका पनि अछुतो रहन सकेन जसले गर्दा यो आर्थिक वर्षको नीति तथा कार्यक्रम, बजेट कार्यान्वयनमा देखा परेको वर्तमान चुनौतिलाइ सामना गरि समृद्ध ओमसतिया गाउँपालिका निर्माण गर्न यस गाउँपालिकाले आर्थिक बर्ष ०७८/७९ मा लिएका नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्न चाहन्छु।

१क० आर्थिक विकास सम्बन्धि नीति तथा कार्यक्रमहरु

- विगत वर्षहरुमा जस्तै यस आर्थिक वर्षमा पनि ओमसतिया गाउँपालिका क्षेत्र भित्रको कृषी योग्य जमिनको पहिचान तथा चक्लाबन्दी गरी नमुना व्यवसायिक खेतीको रुपमा एक वडा एक उत्पादन कार्यक्रम सञ्चालन गरिनेछ। यसका लागि कृषी विशेषज्ञको संयोजकत्वमा सम्भाव्यता अध्ययन गर्न र सिफारिस गर्न एक समिति बनाईनेछ। यसरी

सञ्चालित कार्यक्रमभा गाउँपालिकाबाट प्राथमिकताका आधारमा ५० प्रतिशत सम्म अनुदान उपलब्ध गराईनेछ।

- ग्रामिण तथा स्थानिय विकासको लागी टोल टोलमा सहकारी घर-घरमा स्वरोजगारी मुल नाराका साथ स्थानिय क्षेत्रमा गठन भएका सहकारी संस्थाहरुको क्षमता विकास गर्नुका साथै आर्थिक विकासमा सहकारी संगको साझेदारी सहकार्यमा निरन्तरता दिईनेछ।
- अर्गानिक तरकारी तथा कौशि खेती गर्ने कृषकलाई प्रोत्साहन गरिनेछ। स्थानीय श्रोत साधनको अधिकतम प्रयोग गरी स्थानीय गाउँवासीले रोजगारी पाउने खालका योजना तथा कार्यक्रमलाई प्राथमिकता दिईनेछ। कृषी उत्पादनको लागि आवश्यक मौसमि र बेमौसमि कृषी बीउहरु उत्पादन तथा वितरण गर्ने व्यवस्था मिलाईनेछ। साथै कृषि उत्पादन र उत्पादकत्व वृद्धि गर्न आवश्यक प्राङ्गारिक तथा रासायनिक मलमा अनुदानको व्यवस्था गरिनेछ। साथै कृषि बिमाको लागी आवश्यक वित्तिय,प्राविधिक र अन्य जनशक्तिगत व्यवस्था मिलाउने रणनिति लिईनेछ।
- पशु गोठ व्यवस्थापन, पशु आहारा,सरुवा रोग नियन्त्रण गर्न खोप कार्यक्रम तथा पशुबिमा जस्ता कार्यक्रम पशुपंक्षी विकास शाखाको सहकार्यमा कार्यक्रम संचालन गरिनेछ। साथै वैदेशिक रोजगारीबाट फर्किएका युवायुवतिलाई आकर्षण गर्न र पशु विकास कार्यक्रममा इच्छुक युवाहरुलाई स्वरोजगार बनाउन विभिन्न किसिमका तालिम दिई उद्यम उन्मुख बनाइनेछ। साथै त्यस किसिमका कार्यक्रम संचालन गर्न छुट्टै कोषको व्यवस्था गरिनेछ। कोषको सञ्चालन तोकिए बमोजिम हुनेछ।
- दुग्ध उत्पादनमा आत्मनिर्भर तथा दुग्धजन्य पदार्थको उत्पादन र उत्पादकत्व वृद्धि गर्नका साथै दुग्ध व्यवसायलाई प्रोत्साहन गर्न यस गाउँपालिका अन्तर्गत दुग्ध विकास संस्थान,सहकारी तथा पशुपालक किसानबिच समन्वय गरी सरकारी निजी साझेदारीमा एक दुग्ध चिस्यान केन्द्र र दुग्ध उत्पादनमा आधारित उद्योगको स्थापना तथा संचालन गर्ने नीति लिईनेछ।
- सार्वजनिक तथा उपयोगविहिन नीजि जग्गा तथा नदी किनारको जग्गाको उचित उपयोग र व्वस्थापन गरी कृषि फलफुल तरकारी खेतीका साथै व्यवसायिक पशुपंक्षि पालन गर्न प्रोत्साहित गर्ने नीति लिइनेछ।
- उद्योग बजार, रोजगारी प्रर्वद्धन स्वरोजगारिता र सीप विकास प्रर्वद्धन, अनौपचारिक श्रमिकहरुको लगत संकलन, अभिलेखीकरण, रोजगार डेक्स तथा उद्योग शाखा स्थापना,

गरिब तथा विपन्न वर्गका युवाहरुलाई आत्मनिर्भर हुने तालिम दिने व्यवस्था गरिनेछ। दलित/महिला /एकल महिला तथा पिछडिएको वर्गको हितको लागी दीर्घकालिन स्वरोजगार कार्यक्रम संचालन गरी आत्म निर्भर बनाउन सहयोग गरिनेछ। उपभोक्ता अधिकार, गुणस्तर सम्बन्धी जनचेतना अभिवृद्धी गराउने र नियमित बजार अनुगमन र नियमन प्रणालीको विकास गरिनेछ।

- कालोबजारी नियन्त्रण गर्न व्यवसायी र टोल विकास संस्थाहरुलाई सहभागी बनाई अनुगमन संयन्त्र निर्माण गरिनेछ र आवश्यक मापदण्ड बनाई त्यस्तो कार्यलाई दण्डित गर्ने नीति लिइनेछ।
- यस गाउँपालिका अन्तर्गत रहेका सार्वजनिक मन्दिर तथा पोखरी एवं तालको सुदृढीकरण एवम सौन्दर्यीकरण गरी आन्तिरिक तथा वाह्य पर्यटकको पर्यटकीय केन्द्र स्थापना गरिनेछ। यसको लागि सिमसार तथा जलाधार संरक्षण एवम विकास समिति बनाई लागु गरिनेछ।
- सहकारी मार्फत कृषिजन्य उत्पादनको खरिद विक्री प्रकृयालाई सरलिकरण गरिनेछ। गाउँ भित्रका सम्पूर्ण शहकारीलाई शहकारीको सिद्धान्तको वारेमा जानकारी गराउने नीति लिईनेछ। सहकारीलाई उत्पादनमूलक क्षेत्रमा लगानी गर्न लगाई रोजगारीका अवसरहरु सृजना गर्न प्रेरित गरिनेछ।
- अनुत्पादक खर्चको कटौति र उत्पादक क्षेत्रमा लगानी गर्ने नीति लिइनेछ। कृषी पेशालाई व्यवसायी करण गराई गरिवी निवारण निर्मुल पार्न योगदानमा आधारित कृषी विउ वितरण कार्यक्रम तथा कृषक सम्मान कार्यक्रम सञ्चालनमा ल्याईनेछ। कृषी तथा कृषीजन्य व्यवसायीक खेती गर्नेलाई विउँ तथा विरुवा वितरणमा विभिन्न अनुदानका कार्यक्रम ल्याईनेछ।
- राष्ट्रिय भवन संहिताको प्रभावकारी कार्यान्वयनमा जोडदिने र निर्माण क्षेत्रसंग सम्बद्ध श्रमिकहरुका लागि विमा गर्ने नीति लिइनेछ।
- गाउपालिकाको स्वामित्वमा रहेका ताल तलैया पोखरीमा व्यवसायिक रुपमा मत्श्य पालन गर्न गाउपालिका कार्यालयबाट ठेक्का पट्टा गरि लिजमा दिइनेछ। आवश्यकता अनुसार गाउपालिका कार्यालयले पनि कृषी लगायत मत्श्य पालन गर्न सक्नेछ।
- व्यवसायीक कृषी तथा पशुपालन गर्ने कृषक तथा व्यवसायीलाइ विशेष अनुदानको व्यवस्था मिलाइनेछ।

- विभिन्न वडामा संचालित हाटबजारहरुलाई आवश्यकता अनुसार कृषि तथा पशु बजारको रुपमा विकाश गर्दै लैजाने निति लिइनेछ।
- पर्यटन प्रवर्द्धन गर्न तथा रोजगारीको अवसर सिर्जना गर्न मौलिक संस्कृतिमा आधारित होमस्टेको स्थापना,विकाश र सञ्चालन गरिनेछ।
- औद्योगिक विकाशको लागी ओमसतिया गाउँपालिकाक्षेत्र भित्र संचालित विभिन्न उद्योगहरुलाई प्रोत्साहन तथा नयाँ उद्योगहरुको स्थापना र सञ्चालनमा सहजिकरण गरिनेछ साथै स्थानिय स्रोत साधन तथा कच्चा पदार्थको खण्तहुने गरि नमुना औद्योगिक ग्रामको सञ्चालन गरिनेछ।

(ख) पूर्वाधार तथा भौतिक विकास सम्बन्धी नीति तथा कार्यक्रमहरु

- **हाम्रो सडक, हाम्रो सहभागिता, स्तरीय सडक, हाम्रो प्रतिबद्धता** अनुरुप गाउँपालिका क्षेत्रभित्रका कच्ची सडकलाई कल्भर्ट, ह्युमपाइप सहित मापदण्ड अनुरुपको पिच सडकमा स्तरोन्नति गरिनेछ। साथै कालो पत्रे सडकमा भएका खाल्डा खुल्डीहरुलाई मर्मत गरी सुधार गरिनेछ।साथै सडकको दुवै किनारामा वृक्षारोपण़गरि वातावरणमैत्री बनाईनेछ। निमार्णाधीन अवस्थामा रहेको क्रमागत अधुरो आयोजना रकम विनियोजन गरिनेछ।
- संघिय सरकार,प्रदेश सरकार र वैदेशिक दातृ संस्था ए.डि.वि सँगको सहकार्यमा गाउँपालिका क्षेत्र भित्र पूर्वाधार निर्माणको कामलाइ गति दिन हरसम्भव प्रयत्न गरिनेछ।
- यस गाउँपालिका क्षेत्र भित्र रहेको मत्श्य बिकास केन्द्रको नाममा रहेको जग्गाको गुरुयोजना तथा डि.पि.आर गरि बहुद्देश्यिय प्रयोजनका साथै व्यापारिक प्रयोजनका सटरहरु निर्माण तथा पार्किङ्ग क्षेत्रको लागी कार्यान्वयन प्रक्रिया अगाडी बढाउन कृषी तथा पशुपन्छी विकास मन्त्रालयका साथै अन्य सम्बद्ध निकायसँग समन्वय तथा सहमती गरि सो कार्यलाइ मुर्त बनाइनेछ।
- यस ओमसतिया गाउँपालिका अन्तर्गत रहेका भौतिक संरचनाहरु जस्तै धर्मशाला, मन्दिर आदि र नयाँ संरचना तयार हुने आयोजनाको दिर्घकालिन संरक्षण एवम संवद्धर्नको लागि उपभोक्ता समिति बनाई हस्तान्तरण गरी आयोजना सञ्चालन गरिनेछ।

- पाँच लाख सम्मको विभिन्न आयोजनाहरू सम्बन्धित टोल विकास समिति मार्फत संचालन गरी टोल विकास समितिलाई सक्रिय बनाईनेछ।
- पूर्वाधार विकासका लागि जनपरिचालन र जनसहभागितामा आधारित कार्यक्रमलाई प्राथमिकताका साथ सञ्चालन गरिनेछ। यस ओमसतिया गाउँपालिका अन्तर्गत सञ्चालन हुने आयोजना तथा परियोजनाहरुलाई अपनत्व, संरक्षण एवम पारदर्शी दिगो विकास लक्ष्य प्राप्तिका लागि ८०/२० र ९०/१० का आयोजनाहरु ल्याउने नीति लिईनेछ।
- सम्पूर्ण वडा कार्यालयहरुलाई वडा सेवा केन्द्रका रुपमा विकास गर्न तथा वडा समिति कार्यालय मार्फत गरिने कार्यलाई प्रभावकारी रुपमा सम्पादन गर्नका निम्ति आवश्यक पूर्वाधार निर्माण कार्य अघि बढाईनेछ। त्यस्तै ओमसतिया गाउँपालिका मातहातको वडा नं. १ को कार्यालय भवन नभएकोले जग्गा पहिचान तथा प्राप्ति गरी डि पि आर बनाइ आफ्नै भवन आर्थिक वर्ष ०७८/७९ भित्र सम्पन्न गर्ने नीति रहनेछ।
- ठूला आयोजनाहरुको सम्भाव्यता अध्ययन तथा डि पि आर गरी सामाजिक, आर्थिक र वातावरणीय दृष्टिकोणबाट सम्भाव्य आयोजनाहरुको कार्यान्वयनमा जोड दिईने छ। अधुरा तथा क्रमागत आयोजनाहरुलाई प्राथमिकता दिई सम्पन्न गर्दै लगिनेछ।
- भौतिक पूर्वाधार तथा संरचनाहरुको गुणस्तर कायम गर्ने कार्यलाई प्रभावकारी बनाउन उपभोक्ता समिति र अनुगमन समितिलाई थप प्रभावकारी बनाइनेछ। साथै प्रयोगशालाबाट परिक्षण गरिने योजनाहरुको गुणस्तर तथा मापदण्ड कायम गर्न पालिका भित्रै गुणस्तर परिक्षण प्रयोगशाला स्थापना,व्यवस्थापन र सञ्चालन गरिनेछ।
- उपभोक्ता समिति मार्फत सञ्चालन हुने आयोजनाहरु निर्माण सम्पन्न भई फरफारक भएपछि दीर्घकालसम्म आयोजनाको सञ्चालन, व्यवस्थापन र मर्मत सम्भारमा स्वयं उपभोक्ताहरुलाई नै जिम्मेवार बनाउने नीति लिइनेछ।
- समुदायसंग सहकार्य गरी सौर्य सडक बत्ती जडान तथा सञ्चालनमा जनसहभागितालाई प्रोत्साहित गरिनेछ, साथै वैकल्पिक उर्जा प्रवद्धन गर्ने कार्यलाई प्रोत्साहित गर्दै लगिनेछ।
- पिच, नाली, हरियाली, विद्युतिकरण, पार्किङ्ग सहितको नमूना सडकलाई बजेटमा प्राथमिकता दिईनेछ। वडाहरुवाट प्राप्त सम्पुर्ण योजनाहरुको प्रे जेक्ट बैंक बनाइ कार्यान्वयन गरिनेछ।

- विकास व्यवस्थापनका दृष्टिले पछाडि परेका वडाहरुमा सन्तुलित विकास गर्ने नीति अवलम्वन गरिनेछ। सोही अवधारणाअनुरुप जनसंख्या, क्षेत्रफल, विकासको अवस्था, आन्तरिक आयमा योगदान जस्ता सूचकका आधारमा वडा स्तरीय श्रोतसाधनको बाँडफाँड गर्ने नीति अवलम्बन गरिनेछ।
- यस गाउँपालिका क्षेत्रमा डि.पी.आर सम्पन्न भएका आयोजनालाइ प्रोजेक्ट बैंक निर्माण गरी क्रमश कार्यान्वयन गर्ने नीति ल्याईनेछ।
- ग्राभेल सडक निर्माण क्षेत्रमा ९०-१० को अनिवार्य जनसहभागिताको नीति लिईनेछ। ह्युम पाइप, कल्भर्ट, तटबन्ध, पुल जस्ता संरचना निर्माण कार्यमा अवस्था हेरी बढीमा २०% उपभोक्ता लगत सहभागितामा गरिनेछ।
- पूर्वाधार निर्माण गर्दा महिला मैत्री, बाल मैत्री, अपाङ्गमैत्री तथा वातावरण मैत्री हुने नीति लिइनेछ।
- गाउपालिका केन्द्र तथा वडा कार्यालय सम्म आउने जाने बाटोलाइ स्तरोन्नती गरी आवश्यकता अनुसार कालो पत्रे बाटोको रुपमा विकास गरिनेछ।
- गाउँपालिकाको दिगो प्रमुख प्रशासकीय भवन निर्माण कार्यका लागि आवश्यक प्रकिया अगाडी बढाइनेछ साथै संघिय सरकार तथा प्रदेश सरकारसँग म्याचिङ्ग फण्डबाट उक्त आयोजना आगाडी बढाईनेछ।
- संघीय सरकार र प्रदेश सरकार संगको समपूरक बजेटलाइ निरन्तरता दिइ आ.ब. ०७८/७९ को अन्त्य सम्ममा कार्य सम्पन्न गरिनेछ।
- खरिद गरि वितरण गरिने प्रकृतीका आयोजना संचालन गर्दा अनिवार्य सार्वजनिक खरिद ऐन तथा नियमावलीको पूर्ण रुपमा कार्वान्वयन गरिनेछ।
- नक्सा पासमा देखिएको समस्या समाधान गर्न पुरानो घर नक्सा अभिलेखिकरण नक्सा पेश भएको ३ दिन भित्र तथा नयाँ घरको प्रयोजनको लागि नक्सा पेश भएको १ महिना भित्र स्विकृत गर्ने व्यवस्था मिलाईने छ सो समस्या समाधान नभएमा गाउँ कार्यपालिका बैठकबाट निर्णय गरि आवश्यक कार्य गरिनेछ ।
- सिद्धार्थ राजमार्ग अन्तर्गत ओमसतिया गाउपालिका खण्डमा सिद्धार्थ गौतम बुद्धको मुर्ति राखिसकिएको र बाटोलाइ वातावरण मैत्री बनाउन स्थानीय टोल विकास संस्था, महिला समुह तथा युवा क्लबलाइ सक्रिय बनाइ हरियाली सडकमा परिणत गरिनेछ।
- गाउँपालिका भित्र भै.लु.भु.ज.परियोजनाद्वारा निर्मित सिचाइ पूर्वाधारको नियमित मर्मत संभार गरी संचालनमा ल्याउन आवश्यक व्यवस्था मिलाइनेछ।

- टेण्डर तथा उपभोक्ता समितिबाट गरिने सम्पुर्ण विकाश निर्माणका कार्यहरुलाई जिल्ला दररेटको अधिनमा रहि गाउँपालिकामैत्रि बनाउन कार्यपालिका बैठकमा आवश्यक छलफल गरी दररेटमा समायोजन गरिनेछ र उपभोक्ता समितिबाट संचालन हुने सम्पुर्ण विकाश निर्माणका कार्यहरुको जनसहभागिता लागतमा एकरुपता कायम गरिनेछ।

(ग) सामाजिक विकास सम्बन्धी नीति तथा कार्यक्रमहरु

- कोरोना भाइरस (कोभिड-१९) प्रकोपलाइ न्युनिकरण गर्न संघीय सरकार तथा प्रदेश सरकारका नीति तथा कार्यक्रमलाइ पूर्ण रुपमा कार्वान्वयन गर्न स्वास्थ्य क्षेत्रमा उल्लेखनीय वजेट विनियोजन गरिने छ।
- यस चुनौतपुर्ण घडिमा भैरहेको हत्या, हिंसा, बलत्कार जस्ता जघन्य अपराध एवं भेदभाव कार्यलाइ मुक्त गर्न यस गाउँपालिकाले जनचेतनामुलक कार्यक्रम संचालन गर्नेछ।
- महिला नेतृत्व विकास र सशक्तिकरणका लागि क्षमता विकास कार्यक्रम तथा आय आर्जनका लागि सीप विकास कार्यक्रमहरु कार्यान्वयन गरिनेछ ।साथै महिलाहरुलाई विकासको मुल धारमा ल्याउन विपन्न वर्गका महिलाहरुलाई लगानीमा प्रोत्साहित गर्न गाउपालिकालाई फिर्ता गर्ने गरी विउ पुँजीको व्यवस्था गर्नको लागि रकम विनियोजन गरिनेछ।यस बीउपूँजीको संचालन ग्रामिण विकास कोषद्वारा कार्यपालिकाले पारित गरेको कार्यविधि बमोजिम हुनेछ।
- एकल तथा दलित महिलाहरुको हित प्रवद्धन गर्ने, सीप विकास र आय आर्जन गर्ने कार्यक्रम संचालन गर्न प्राथमिकता दिइनेछ। महिला बालबालिका तथा अन्य लक्षित वर्गलाई प्रत्यक्ष फाइदा पुग्ने खालका आयोजनाहरुलाई प्राथमिकतामा राखी कार्यान्वयन गरिनेछ। सामाजिक कुरीतिको रुपमा रहेको बालविवाह, बहुविवाह, रुढीवाद, अन्ध विश्वास एवं भ्रमहरु हटाउन सामाजिक परिचालन मार्फत सचेतीकरण गरिनेछ।
- ओमसतिया गाउँपालिका अन्गर्गत रहेका विभिन्न स्वास्थ्व चौकी तथा प्राथमिक स्वास्थ्य केन्द्रलाइ सवल बनाउने नीति लिइने छ।
- सामाजिक सुरक्षा प्राप्त गर्ने लाभग्राहीहरुलाई यस गाउँपालिका अन्तर्गतका स्वास्थ्य संस्थाहरुमा सम्पुर्ण उपचारहरु निशुल्क उपलब्ध गराईनेछ। ज्येष्ठ नागरिकहरुको उच्च

रक्तचाप, क्यान्सर, मधुमेह जस्ता स्वास्थ्य परीक्षण शिविर र सेवा तथा सामग्री वितरण कार्यक्रमहरु क्षेत्रगत रुपमा संचालन गरिनेछ।

- ❖ गाउँपालिका क्षेत्रभित्रका सबै विद्यालयस्तरमा, समुदायस्तरमा, वडास्तरमा र गाउँपालिका स्तरमा बालक्लब र बालसंजाल गठन पुनर्गठन लाई नियमित गरी क्षमता विकासका कार्यक्रम संचालन गरिनेछ।
- ❖ ओमसतिया गाउँपालिकालाई बालमैत्री गाउँपालिका घोषणाको अवस्थामा पुर्याउन कार्यविधिले तोके बमोजिम कार्यक्रमहरु कार्यान्वयन गरिनेछ।
- ❖ नवजात शिशु, बालबालिका गर्भवती तथा सुत्केरी महिलाको स्वास्थ्य हितका लागि पोषण सम्बन्धी कार्यक्रम संचालन गरिनेछ।
- ❖ सामाजिक सुरक्षा भत्ता पायक पर्ने नजिकको बैंक मार्फत् सम्बन्धित वडा कार्यालयको व्यवस्थापनमा वितरण गरी प्रभावकारी बनाइनेछ।
- ❖ गाउँपालिकाको पहिचान दिने, रोजगारी र स्वरोजगारिता सृजना गर्ने, स्थानीय श्रोत साधनको अतिकतम प्रयोग गर्ने योजना कार्यक्रमलाई प्राथमिकता दिईनेछ। स्थानीय सहकारीहरुसंगको सहकार्यमा गरिबी न्यूनीकरण र समावेशी विकास गरी सामाजिक विभेद कम गर्दै लगिनेछ।
- ❖ यस गाउँपालिका भित्र बसोबास गर्ने लक्षित बेरोजगारहरुलाई प्रधानमन्त्री रोजगार कार्यक्रम बाट लाभान्वित हुन तथा न्युनतम रोजगारी प्राप्त गर्ने बारे विभिन्न सुचनाका माध्यमबाट प्रचार प्रसार गरी सुचिकृत भएका बेरोजगारहरू नै प्राथमिकता क्रमको आधारमा रोजगारी तथा अन्य रोजगारमुलक कार्यमा सहभागी गराई उक्त कार्यक्रमहरुको कार्यान्वयनको लागी मन्त्रालय र प्रदेशको सम्बन्धित मन्त्रालय सँग समन्वय,सहयोग र सहकार्य गरिनेछ।
- ❖ प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत रोजगारीका अवसरहरू सुचिकृत बेरोजगार व्यक्तिहरुका लागि पर्याप्त नभएमा थप रोजगार आयोजनाहरुको तर्जुमा गरी कार्यान्वयन गर्दै मन्त्रालय र व्यवसायिक तथा सीप विकास तालिम प्रतिष्ठानसँगको समन्वयमा बजारको माग अनुरुपको व्यवसायिक तथा सीपमुलक तालिम कायक्रम सञ्चालन गर्दै दिगो रोजगारी सिर्जना गर्ने निति लिईनेछ।
- ❖ गाउँपालिकाका वडा स्तरिय आयोजनाहरू छनोट गर्दा वढि भन्दा बढी बेरोजगारहरू लाभान्वित हुने आयोजनाहरुलाई विशेष प्राथमिकता दिई रोजगारमुलक आयोजनाहरु

सञ्चालन तथा कार्यान्वयन गर्न श्रमिकहरुलाइ आवश्यक पर्ने हातेऔजार,निर्माण सामग्री तथा अन्य उपकरणहरुको व्यवस्था गरिनेछ।

- ❖ प्राविधिक रुपले मेशिनको प्रयोग नगरी नहुने काम बाहेकका स्थानिय आयोजनाहरुको निर्माण श्रममुलक प्रविधिको प्रयोगबाट गर्ने नीति ल्याईनेछ र सञ्चालित आयोजनाहरुको आयोजना स्तरमा सिर्जना हुने विवादहरुको समाधान गरिनेछ।
- ❖ छुवाछुतमुक्त समाजको अवधारणालाई सार्थक बनाउन समुदाय तहसम्म अन्तरघुलन लगायतका कार्यक्रम सञ्चालन गरिनेछ। जातीय भेदभाव, छुवाछुत सामाजिक अपराध भएकोले दण्डनीय बनाइनेछ।
- ❖ परम्परागत पेशा, सीप र प्रविधिमा आधारित व्यवसायलाई समावेशीकरण र आधुनिकीकरण गर्न प्रोत्साहन गरिनेछ। यौनिक लैगिंक अल्पसंख्यकहरुको मूलप्रवाहीकरणका लागि क्षमता अभिवृद्धि र आय आर्जनमा सहकार्य गर्ने कार्यक्रम संचालन गरिनेछ।
- ❖ दुर्व्यसनमा फसेका युवाहरुलाई लक्षित गरी लागु पदार्थ दुर्व्यसन एच.आइ.भि.एड्स नियन्त्रण गर्न समुदाय तहमा सचेतीकरण कार्यक्रम संचालन गरिनेछ। दुर्व्यसनमुक्त समाज निर्माणका लागि सकारात्मक सोंच सम्वन्धी तालिमवाट स्वरोजगार र आत्म निर्भरता तर्फ अग्रसर गराइनेछ। समुदाय तहमा संचालन गरिने पुनस्थापना कार्यक्रममा सहकार्य गरिनेछ।
- ❖ माध्यमिक तहसम्मको शिक्षालाई निःशुल्क गरिनेछ। विद्यालयहरुलाई नक्साङ्कन गरी राष्ट्रिय मापदण्ड अनुरुपको दुरी भित्र आधारभूत तथा माध्यमिक विद्यालयहरुको व्यवस्थापन गरिनेछ। सामुदायिक विद्यालयलाई गरिने पूर्वाधार सहयोगमा अपाङ्गमैत्री र लैङ्गिकमैत्री शौचालय निर्माणलाई प्राथमिकता दिइनेछ। धारासायी अवस्थामा रहेको समुदायिक विधालयको अवस्थालाई सो हुनुको कारण अध्ययन गरी प्रतिवेदन पेश भएमा सो विधालय खारेजी वा अर्को विधालयसंग मर्ज गर्ने नीति लिई शिक्षाको गुणस्तरियतालाई पहिलो प्राथमिकता दिई कार्यन्वयन गरिनेछ। अनुमती नलिई वा स्वीकृत कक्षा सञ्चालन अनुमती भन्दा बढी कक्षा सञ्चालन गर्ने शिक्षण संस्थालाई बन्द गराउनुको साथै अटेर गर्ने विधालयलाई खारेजी गरिनेछ।
- ❖ संस्थागत विधालयहरुको हकमा यसै वर्ष देखि लागु हुने गरी १० प्रतिशत अनिवार्य छात्रवृत्तिको व्यवस्था गरिनेछ। यसका लागि गाउँपालिकाले गरिव तथा जेहेन्दार विधार्थीका लागि एकीकृत परिक्षा प्रणली अवलम्बन गरी प्रत्येक संस्थागत विधालयलाई

सिफारिस गर्नेछ। यसरी सिफारिस भएका विधार्थी संग विधालयले परिक्षा संचालन वा अन्य अरु कुनै पनि शुल्कको नाममा रकम उठाउन पाउने छैन।

- गाउँपालिका क्षेत्रभित्र क्रियाशील गैर सरकारी संस्थाहरुको कार्यलाई व्यवस्थित गरी नतिजामूलक वनाउन र प्रभावकारी परिचालन गर्न गैसस परिचालन नीति वनाईनेछ। गैसस समन्वय समिति हेल्प डेक्स स्थापना गरिनेछ।

- **शिक्षा, स्वास्थ्य, सञ्चार, यातायात, पर्यटन, उद्योग र व्यापार विकासका मूलआधार** भन्ने नारा सार्थक वनाउन ओमसतिया गाउँपालिकको विकासमा अग्रणी क्षेत्र उन्मुख कार्यक्रम सञ्चालन गर्ने विषय क्षेत्रसंग सम्वन्धित संघ सस्था, निजी क्षेत्रसंग समन्वय र सहकार्य गरी सार्वजनिक निजी साझेदारीलाई प्रवर्धन गर्न तथा त्यस्ता कार्यक्रमहरु ल्याउन प्रोत्साहित गरिनेछ।
- यस ओमसतिया गाउँपालिका अन्तर्गतका सुत्केरी हुने महिलालाई स्वास्थ्य पोषण युक्त संतुलित आहारको लागि थप रु.१,०००।- का दरले पोषण भत्ता उपलव्ध गराईनेछ। यसका लागि नेपाल सरकार स्वास्थ्य विभागले निमार्ण गरेको मापदण्ड पुरा भएको हुनुपर्नेछ। शिशु मृत्यु दर र मातृ मृत्युदर लाई न्युन गराउन आवश्यक कार्यक्रमहरु ल्याई कार्यन्वयनमा ल्याईनेछ।
- महिला स्वास्थ्य स्वयंसेविका सेवालाई थप प्रभावकारी वनाउन संचालन व्यवस्थापन निर्देशिका वनाई कार्यान्वयन गरिनेछ। स्वयंसेविकाहरुको वृति विकासको लागि स्वयंसेविका कोषको स्थापना गरी रकम वृद्धि गर्दै स्वयंसेविकाको हित प्रवद्धनमा परिचालन गर्न निर्देशिका वनाई कार्यान्वयन गरिनेछ। गाउँपालिकामा क्रियाशील सवै महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई परिचय पत्र उपलव्ध गराइनेछ महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई प्रोत्साहन स्वरुप सञ्चार तथा यातायात खर्च मासिक रुपमा उपलव्ध गराइनेछ। उत्कृष्ट सेवा प्रदान गर्ने महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई पुरस्कृत गरिनेछ साथै स्वास्थ्य बिमाको लागि पहल गरिनेछ ।
- नीजि स्वास्थ्य संस्थाहरुको प्रभावकारी अनुगमन र नियमन गरिनेछ। अवैध रुपमा संचालित स्वास्थ्य संस्थाहरु वन्द गराइनेछ।सवै विद्यालयहरुमा खेलकुद तथा योगा शिक्षक/प्रशिक्षक राख्ने नीति लिईनेछ।
- ओमसतिया गाउँपालिका क्षेत्र अन्तर्गत संचालित मदिरा पसललाई अनुशासित एवं मर्यादित वनाउन एक निर्देशिका वनाई प्रभावकारी नियमन गर्ने नीति ल्याईनेछ।

धुम्रपान तथा मधपानलाई निरुत्साहित गर्न सार्वजनिक रुपमा धुम्रपान तथा मधपान गर्नेलाई जरिवाना गरिनेछ।

- आ.व.२०७९ को आषाढ मसान्त सम्म सम्पुर्ण गाउपालिका वासीलाई शुद्ध खानेपानीको सुविधा उपलब्ध गराईनेछ। त्यसकालागि यस वर्ष जग्गाको पहिचान गरी कम्तीमा एउटा वडामा वोरिङ्ग जडान गर्न रकम विनियोजन गरिनेछ।
- यस ओमसतिया गाउँपालिका अन्तर्गतका पिडित महिला तथा वालवालिकाहरुलाई न्यायमा पहुँचको नीति अवलम्बन गरिनेछ। साथै नीज पिडित वालवालिका तथा महिलाहरुलाई निशुल्क न्यायीक उपचारको व्यवस्था गरिनेछ।
- छात्रा तथा किशोरीहरुलाई आत्मसुरक्षा तालिम प्रदान गर्ने नीति लिईनेछ।
- यस ओमसतिया गाउँपालिका अन्तर्गतका समुदायिक विधालयलाई पुर्ण रुपमा अंग्रेजी माध्यमबाट सञ्चालन गरिने नीति लिईनेछ। यस अवधारणलाई सफल कार्यान्वयनमा ल्याउनको लागि गाउँपालिका स्तरबाट शिक्षा राखि व्यवस्थित गरिनेछ। ओमसतिया गाउँपालिकामा संचालित माध्यमिक विधालय (११-१२) दिवा सत्रमा सञ्चालनमा अनिवार्य ल्याइनेछ। कक्षा ११-१२ संचालन भएका सामुदायिक विद्यालयलाइ न्युनतम अनुदानमा समानता कायम गरिने छ साथै विद्यार्थि संख्याको आधारमा अनुदान रकम थप उपलब्ध गराउन सकिनेछ।
- यस ओमसतिया गाउँपालिका अन्तर्गतका सम्पुर्ण गाउँवासीलाइ न्यायमा पहुँच गराईनेछ।
- **छोरा वा छोरी दुवै बराबरी** भन्ने मुल नारालाई यस गाउँपालिका अन्तर्गत सार्थक बनाउनको निम्ति गरिएको बालिका विमा कार्यक्रमलाइ निरन्तरता दिदै बैंक तथा वित्तीय संस्था मार्फत संचालन गर्ने गरी आवश्यक व्यवस्था मिलाइनेछ ।
- सामुदायिक विद्यालयमा बालकक्षा देखि ५ कक्षा सम्म अध्ययन गर्ने सम्पुर्ण बालबालिकालाइ दिवा खाजाको व्यवस्था गरिनेछ।
- मेला महोत्सव जस्ता विविध कार्यक्रमहरु अति आवश्यक मात्र गरिने छ सो कार्यमा गरिने खर्चमा मितव्ययीता अपनाइनेछ।
- विद्यार्थि संख्या कम हुने सामुदायीक विद्यालयलाइ भूगोल र विद्यार्थी संख्याको आधारमा मर्ज गरिने नीति लिइने छ साथै **जहाँ विद्यार्थी त्यहाँ शिक्षक भन्ने** मुल नाराका साथ दरवन्दी मिलान कार्यक्रम गरिनेछ।

- कलर कोड नभएका सबै सामुदायिक विद्यालयहरुमा शिक्षा मन्त्रालय तोकेको मापदण्डको कलर कोड लगाइने व्यवस्थाको लागि बजेट विनियोजन गरिनेछ।
- जेष्ठ नागरिकहरु दिर्घ रोगी मधुमेह, क्यान्सर, दम तथा उच्च रक्तचाप जस्ता रोगीहरुले नियमित प्रयोग गर्ने औषधिहरु निशुल्क रुपमा वितरण गरिनेछ।
- गरीब, विपन्न परिवार, दलित, द्वन्द्व पिडित व्यक्ति लक्षित उपाध्यक्ष कार्यक्रम संचालन गरिनेछ।
- अतिविपन्न परिवारको खर तथा फुसको छानो भएको छानोलाइ प्रतिस्थापन गरी जस्ता पाता वितरण एवं जनता आवास निर्माण गर्ने नीति लिइनेछ।
- मध्यम स्तरीय अपाङ्गता भएका व्यक्तिलाइ (ग वर्ग) लाइ सामाजिक सुरक्षा भत्ता उपलव्ध गराइनेछ साथै सामान्य अपाङ्गता (घ वर्ग) भएका व्यक्तिलाइ सामाजिक सुरक्षा भत्ताको लागी प्रोत्साहन गरिनेछ।
- स्थानिय विकाश कोषबाट सञ्चालन हुने सामुदायिक विकाश कोषलाई निरन्तरता दिई सक्रिय रुपमा संचालन गरिनेछ साथै घुम्ति कोषको परिचालन गाउँपालिकाबाट संचालन गरिनेछ।

(घ) वातावरण तथा विपत व्यवस्थापन सम्बन्धि नीति तथा कार्यक्रमहरु

- यस ओमसतिया गाउँपालिकामा रहेको आकस्मिक विपत व्यवस्थापन कोषको रकमलाई सुदृढिकरण एवं व्यवस्थित गरिनेछ।
- विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना र जोखिम न्यूनिकरण तैयारी को कार्य गरिनेछ। विपद् न्यूनिकरणका लागि पूर्व सूचना प्रणाली सम्वन्धी कार्यक्रम तर्जुमा र कार्यान्वयन गरिनेछ।
- यस गाउपालिका भित्र रहेका इट्टा उद्योगहरुलाइ प्रयावरणीय शुल्क वार्षिक रुपमा लिइ वातावरणिय हराभरा कायम गरिनेछ।
- यस गाउँपालिका भित्र रहेको रोहिणी खोलामा तटवन्ध तथा ड्याम वनाई ३ वर्ष भित्र दिर्घकालिन वाढी तथा पहिरो नियन्त्रण व्यवस्थापन गरिनेछ।
- एक परिवार दुई विरुवाको अवधारणालाई सफल वनाउन प्रत्येयक नक्सा पास गर्ने घरधनीले दुई विरुवा रोप्नु पर्ने अनिवार्यता कायम गरिनेछ।

- सडक, नाली, सार्वजनिक र खुल्ला स्थानमा फोहर फाल्नेलाई कारवाही गरिनेछ। सो को प्रभावकारी अनुगमन व्यवस्था मिलाइनेछ। सरसफाई र फोहर व्यवस्थापनलाई व्यवस्थित बनाउन वडा स्तरमा फोहोर व्यवस्थापन तथा अनुगमन समिति गठन गरी प्रभावकारी रुपमा परिचालन गर्ने नीति लिइनेछ। बजार क्षेत्रमा सार्वजनिक शौचालयको व्यवस्था गरिनेछ।
- जैविक अजैविक फोहरलाई उत्पादन तहदेखि नै वर्गिकरण गरी छुट्टाछुट्टै संकलन गर्ने व्यवस्था मिलाइनेछ। जैविक फोहरबाट घरैमा कम्पोष्ट मल बनाउन प्रेरित गरी गमला, कौसी, छत, करेसाबारीमा तरकारी खेती गर्न प्रोत्साहित गरिनेछ।
- गाउँपालिका क्षेत्रको फोहोरमैला व्यवस्थापनको लागी फोहोरमैला व्यवस्थापन नीति बनाई लागु गरिनेछ। साथै फोहोरमैला व्यवस्थापन गर्नको लागी सार्वजनिक निजि साझेदारी मोडलमा फोहोरमैला व्यवस्थापन गर्ने नीति लिईनेछ।
- गाउँपालिका भित्र संचालनमा रहेका ईटा उद्योगहरुबाट बार्षिक रुपमा वातावरण तथा प्रदुषण शुल्क लिइनेछ।
- ठूला आयोजनाहरु संचालन गर्दा अनिवार्य वातावरणीय प्रभाव मूल्यांकन (IEE) अध्ययन गरिनेछ।
- यस गाउँपालिका अन्तर्गत हरेक वडा तहमा एक हरित बाल उद्यान पार्क निमाण गरी सञ्चालनमा ल्याईनेछ। जलवायु अनुकुलन सम्वन्धी कार्यक्रमहरु कार्यान्वयन गरिनेछ।
- सार्वजनिक जग्गाको सरंक्षण वडा समिति र समुदायको सहभागितामा गरिनेछ।
- फोहोरमैला व्यवस्थापन प्रभावकारी गर्न खरिद गरिएको सवारी साधनलाइ शहर उन्मुख क्षेत्र (वडा १,२ र ४) मा प्राथमिकताका साथ परिचालन गरी सम्पूर्ण गाउँपालिकाको फोहोरमैला व्यवस्थापनको लागि डम्पिङ्ग साइडको खोजि गरिनेछ।
- **एक घर एक करेसावारी** नीतिलाइ प्रभावकारी कार्यान्वयन गरिनेछ।

(ङ) राजस्व परिचालन तथा श्रोत अभिवृद्धि सम्बन्धी नीति तथा कार्यक्रमहरु

- आगामी आ.व. ०७८/०७९ देखि मालपोत तथा भूमीकरबाट क्रमश एकीकृत सम्पत्ती कर लागु गर्ने व्यवस्था मिलाइनेछ।
- व्यवसाय करको दायरा बढाउने र बढी भन्दा बढी व्यवसायी हरुलाई कर तिर्न प्रोत्साहित गर्न विविध कार्यक्रम सहित कर जागरण कार्यक्रम सञ्चालन गर्नुका साथै

राजस्व संकलन कार्यलाई व्यवस्थित गरी वडा कार्यालयहरु बाटै व्यवस्थित कर, शुल्क तथा दस्तुर असुल गर्ने व्यवस्था गरिनेछ।

- वार्षिक रुपमा व्यवसाय कर असुली कार्यलाई थप प्रभावकारी बनाउन **व्यवसाय कर तिरौं, विकास कार्यमा सरिक हौं** भन्ने नाराका साथ वडा समिति र टोल विकास संस्थाहरुलाई अभिमुखिकरण सहित सशक्त बनाई परिचालन गरिनेछ।
- गाउँसभाद्वारा पारित कर पौष महिना भित्रै बुझाउनेलाई एकीकृत सम्पत्तीकर, व्यवसाय कर, बहाल विटौरी कर, घर जग्गा बहाल करमा लाग्ने करमा विशेष छुट दिइनेछ। चालु आर्थिक वर्षको आषाढ मसान्त सम्म कर नबुझाई बक्यौता कायम हुन आएमा बक्यौता कायम हुन आएको आ.व. बाट पहिलो वर्ष र त्यस पछिका प्रत्येक वर्षमा विलम्ब जरिवाना समेत जोडी बक्यौता समेत असुल गरिनेछ तर कार्यालयबाट भएका अन्य सम्झौताको हकमा सम्झौता बमोजिम हुन बाधा पर्ने छैन।
- करदाता विवरण डिजिटल प्रविधिमा आवद्ध गरी प्रत्येक करदाताको स्मार्ट ट्याक्स एकाउन्ट बनाई लागु गरिनेछ। साथै समयमै कर भुक्तानीलाई थप व्यवस्थित बनाउन स्वचालित एस. एम. एस. प्रविधीबाट करदातालाई सुचना उपलब्ध गराईनेछ।
- **विकास निमार्णमा महिला सहभागीता र स्वाबलम्बी नारी, सम्वृद्ध** घरवारी नारालाई सार्थक बनाउन महिलाको नाममा दर्ता गरिएका व्यवसायिक प्रतिष्ठानमा लाग्ने करमा १० प्रतिशत छुट दिइनेछ। साथै महिलाको नाममा रहेको सम्पत्ती करमा पनि १० प्रतिशत छुटको व्यवस्था गरिनेछ।
- यस गाउँपालिका क्षेत्र भित्रका कुनै व्यक्ति वा संस्थाले भवन, जग्गा, गोदाम सेड आदि आंशिक वा पुर्ण रुपमा वहालमा लगाएका धनीसंग निजले वहालमा लगाएको अंक रकमको १० प्रतिशतका दरले सम्बन्भित धनीसंग वहालकर लिइनेछ।
- व्यवसाय कर लिदाँ एउटै फर्ममा फरक, फरक प्रकृतीका व्यवसाय संचालन भएको हकमा तोकिए बमोजिमको फरक फरक प्रकृतीको व्यवसाय करको दरले हुन आउने रकम जोडी व्यवसाय कर लिइनेछ।
- अस्थायी प्रकृतीका हाट बजार, चोक, चोकमा गरिने ठेला तथा फुटपाथ व्यवसाय, मुख्य बजार तथा पर्यटकिय स्थलको किनारमा गरिने पार्किङ्ग व्यवस्थापनमा नीजि क्षेत्र स्थानीय क्लब संघ संस्थाको सहकार्यमा वडा तहबाटै शुल्क संकलन तथा व्यवस्थापन गरिनेछ।

- गाउँपालिका अन्तर्गत रहेका पर्ति वा ऐलानी जग्गामा व्यक्ति स्वयमले अस्थाई संरचना बनाई उपभोग गर्न दिइएको खण्डमा वहाल विटौरी कर असुल गरिनेछ। यसरी अस्थाई संरचना बनाई उपभोग गर्दा गाउँपालिकाले आवश्यक परेको खण्डमा उक्त जग्गा खाली गर्न बाधा परेको मानिने छैन।
- सम्पत्ती कर, व्यवसाय कर, घर बहाल कर, बहाल विटौरी कर, मनोरञ्जन कर आदिलाई पारदर्शी र प्रभावकारी बनाउन आवश्यकता अनुसार कार्यविधी, निर्देशिका बनाई व्यवस्थित गरिनेछ।
- केबुल संचालक र डिसहोम विक्रेता डिलरहरु संग समन्वय गरी प्रत्येक केबुल संचालकबाट ग्राहक संख्याका आधारमा मासिकरुपमा मनोरञ्जन कर लिने व्यवस्था मिलाईनेछ।

- वित्तिय श्रोतको परिचालन तथा व्यवस्थापनलाई प्रभावकारी र पारदर्शी बनाउन मासिक रुपमै आय तथा व्यय गाउँपालिकाको सुचना पाटीमा टास गर्नुका साथै वेवसाईटमा राखी सार्वजनिक गरिनेछ।
- ओमसतिया गाउँपालिकालाई नियमित र बढी कर तिर्ने करदाताहरुलाई प्रोत्साहन तथा सम्मान गरिनेछ।
- ओमसतिया गाउँपालिकाको स्वामित्वमा भोगाधिकार रहेको संरक्षण र परिचालन गर्न सक्ने भवन, जग्गा जमिन, हाटवजार, पोखरी, खोलानाला तथा अन्य भौतिक सम्पत्तीको अभिलेख अध्यावधिक गरी राजस्व आम्दानीको माध्यमको रुपमा परिचालन गरिनेछ। यस्ता श्रोतको परिचालन गर्दा प्रतिस्पर्धात्मक पद्धतीको अवलम्बन गरिनेछ।
- सम्पत्ती कर बुझाउने कुनै कर दाताले आफ्नो नाममा रहेको सम्पत्ती लुकाई वा खण्डीकरण गरी वा भौतिक संरचना नदेखाई सम्पत्ती मुल्याङ्कन गराई कर तिरेको प्रमाणित भएमा वास्तविक सम्पत्तीको मुल्याङ्कनबाट लाग्ने कर रकममा साविकमा बुझाएको रकम घटाई बाकी रहेको रकममा ५० प्रतिशतले हुने थप रकम जरिवाना गरी कर समेत असुल उपर गरिनेछ वा साथै यस गाउँपालिकाको कार्यालय र वडा कार्यालयबाट प्रदान गरिने सम्पुर्ण प्रकारका सिफारिस र अन्य सेवा सुविधा रोक्का गरिनेछ।
- श्रोत परिचालन र व्यवस्थापनमा ओमसतिया गाउँपालिकालाई सक्षम र आत्मनिर्भर बनाउन, प्रचलित कानून बमोजिम लगाउन सकिने सबै स्रोतहरुको वास्तविक पहिचान,

विश्लेषण, प्रक्षेपण समतामुलक, प्रगतिशिल र न्याय पुर्ण बनाई राजश्वको दायरालाई अधिकतम रुपमा फराकिलो पारिनेछ।

- ❖ गाउँपालिकाबाट सञ्चालित आयोजनाहरुको अपनत्व, संरक्षण तथा विकास निमार्णमा जनसहभागीता भन्ने मुल नाराका साथ अनिवार्य लगत सहभागिताको व्यवस्था गरिनेछ।
- ❖ अशक्त, अपाङ्ग, द्धन्द पिडित, विपन्न, असहाय, दैवी प्रकोप पिडित र ७० वर्ष पुरा भएका जेष्ठ नागरीकलाई गाउँपालिका तथा वडा कार्यालयबाट सम्भवत् उपलब्ध हुने सेवा सुविधा निशुल्क रुपमा प्रदान गरिनेछ।

(च) सुशासन प्रवर्धन तथा संस्थागत विकास सम्बन्धी नीति तथा कार्यक्रमहरु

- ❖ ओमसतिया गाउँपालिकालाइ डिजिटल गाउँपालिकाको रुपमा विकास गर्न लागत सहभागिताको आधारमा फ्रि वाइफाइ जोन निर्माण गर्ने नीति लिईनेछ।
- ❖ ओमसतिया गाउँपालिका अन्तर्गत रहेको साविक गाउँ विकास समितिका कर्मचारी कल्याण कोषलाई थप व्यवस्थित र प्रभावकारीता ल्याउने नीति लिइने छ।
- ❖ ओमसतिया गाउँपालिकाको वित्तीय कारोवारलाई कम्प्युटराइज गरी थप व्यवस्थित गरिनेछ। वडास्तरबाट संकलन हुने राजश्वलाई पारदर्शी एवं प्रभावकारी बनाउन गाउँपालिकाको केन्द्रिकृत प्रणालीमा आवद्ध गरी थप व्यवस्थित बनाइनेछ। साथै गाउँपालिका कार्यालयमा बैंक सँग सम्झौता गरि राजश्व संकलन गर्न बैंकिङ्ग काउन्टरको व्यवस्था मिलाईने छ।
- ❖ ओमसतिया गाउँपालिकालाई आवश्यक पर्ने अफिस उपकरण, स्टेशनरी तथा मेशिनरी सामानहरु खरिद गर्दा गुणस्तर चिन्ह प्राप्त र ग्यारेन्टी भएका सामानहरुलाई प्राथमिकता दिइनेछ साथै स्वदेशी उत्पादनलाई प्राथमिकता दिइनेछ। कार्यालयमा भएका साधन मेशिन उपकरणहरुको समयमै नियमित मर्मत सम्भार गर्ने, अधिकतम परिचालन गर्ने र स्रोत अभिवृद्धिमा समेत प्रयोग गर्ने नीति लिइनेछ।
- ❖ सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ एवं प्रदेश सार्वजनिक खरिद नियमावली, २०७६ बमोजिम खरिद प्रकृयालाइ एकद्धार प्रणाली अपनाइ सार्वजनिक खर्चमा मितव्ययीता अपनाइनेछ।
- ❖ कार्यालयमा रहेका विभिन्न सवारी साधन, मेशिन उपकरण, फर्निचर लगायतका जिन्सी सामानहरु र कार्यालय संरचना चालु अवस्थामा राखिनेछ। साथै मर्मत सम्भार र

संरचना परिमार्जनका लागि कार्यालयमा नियमित कार्य गर्ने कार्यदल गठन र मर्मत सम्भार इकाई खडा गरिनेछ।

- ❖ व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा व्यवस्थापनलाई थप प्रभावकारी बनाउन कर्मचारीलाई विभिन्न किसिमको तालिमहरुको संचालन गरि उच्च कोटीको प्रविधी अवलम्बन गर्ने नीति लिईनेछ।
- ❖ व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षाको प्रभावकारिता कायम गर्न विभिन्न किसिमका जनचेतना मुलक कार्यक्रमहरु गरिने नीति ल्याईनेछ। साथै व्यक्तिगत घटना दर्तालाइ (मृत्युदर्ता, विवाहदर्ता) प्रभावकारी गराउन सर्जमिन मुचुल्का गराइ कार्यान्वयन गरिनेछ।
- ❖ सुशासन पारदर्शिता र जवाफदेहितामा अभिवृद्धि गराउन गाउँपालिकाले लिएको समग्र नीति र संचालित कार्यक्रम आयोजनाले पारेको सामाजिक प्रभावको लेखाजोखा गर्ने गरी सामाजिक परीक्षण र सबै आयोजना कार्यक्रमहरुमा सार्वजनिक परीक्षण र वडा क्षेत्रगत रुपमा सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न गरिनेछ।
- ❖ आन्तरीक लेखा परीक्षण पद्धतिलाई प्रभावकारी बनाइनेछ। बेरुजू हुन नदिने र फछ्र्यौट प्रकृयालाई व्यवस्थित गरिनेछ। कार्यालयका सवारी साधन, मेशीनरी औजार, अफिस सामाग्री तथा उपकरणहरु मितव्ययी ढंगवाट परिचालन गरिनेछ।
- ❖ ओमसतिया गाउँपालिकाको सेवा प्रवाह, जानकारी, सन्देश र अनुरोध गाउँवासीहरुलाई मोवाइल एप्स मार्फत् हात हातमा उपलव्ध गराउने र गाउँवासीहरुको सुझाव सल्लाह ग्रहण गरी नागरिकको अभिमतलाई सम्मान गर्न शुरुवात गरिएको मोवाइल एप्सको प्रभावकारी कार्यान्वयनमा जोड दिइनेछ। मोवाइल एप्स प्रयोग सम्वन्धी जानकारीका लागि सवै वडा कार्यालयहरुमा डिजिटल जानकारी वोर्ड राख्ने व्यवस्था मिलाइनेछ। ओमसतिया गाउँपालिकाको आधिकारिक वेभसाइटको नियमित अपडेट गरी नागरीकलाई प्रवाह गर्ने सेवालाई सूचना प्रविधिमा आधारित बनाउन अभिप्रेरित गरिनेछ।
- ❖ गाउँपालिका कार्यालयमा आन्तरिक सञ्चार सुदृढ गर्न इन्टरकम टेलिफोन प्रणालीलाई जडान गरिनेछ। गाउँपालिकाको कार्य प्रणालीलाई सुरक्षित पारदर्शि र थप व्यवस्थित वनाउन वडा कार्यालयहरुमा समेत क्रमश डिजिटल प्रविधि जडान गरिनेछ।
- ❖ सूचनामा पहुंच वृद्धि गर्न गाउँपालिकामा जनप्रतिनिधिहरु र कर्मचारीहरुलाई सूचना प्रविधिसंग सम्वन्धीत तालिम अभिमुखीकरण संचालन गरिनेछ। गाउँपालिकाको सूचना केन्द्रलाई थप व्यवस्थित र सुदृढ बनाइनेछ। गाउँपालिकाको भौगोलिक सूचना प्रणाली

लाई अद्यावधिक गर्दै योजना तर्जुमा राजश्व परिचालन र योजना कार्यान्वयनमा ल्याईनेछ।

- ❖ गाउँपालिका अन्तर्गतका सम्पुर्ण कार्यालयहरुमा विद्युतीय हाजिरीलाई पूर्ण रुपमा कार्यान्वयनमा ल्याई सुशासन पारदर्शिता र जवाफदेहिता प्रर्वद्धनमा थप प्रभावकारिता ल्याइनेछ।
- ❖ सम्पुर्ण राष्ट्रसेवक कर्मचारिको सेवा सुविधा र वृत्ति विकासको लागी संघिय सरकारको मापदण्ड बमोजिमको सेवा सुविधा उपलव्ध गराईनेछ।
- ❖ कर्मचारीको कार्यसम्पादन क्षमता अभिवृद्धि गर्न,संस्थागत सक्षमता अभिवृद्धि गर्न विगतका आ.व.हरुमा जस्तै यस आ.व.मा पनि प्रोत्साहन भत्ता उपलव्ध गराईनेछ।
- ❖ गाउँपालिकाको संस्थागत विकास, तथा सुशासन, जवाफदेहिता तथा पारदर्शिता कायम गर्न आवश्यकतानुसार गाउँपालिकाको ऐन, नियमहरु, कार्यविधीहरु, निर्देशिकाहरु तर्जुमा तथा संसोधन गरी कार्यान्वयनमा ल्याइनेछ। सेवा प्रवाहमा सूचना प्रविधिको प्रयोग वढाउदै कार्यालयको रुपमा विकास गर्दै लगिनेछ। गाउँपालिकावाट जनप्रतिनिधी र कर्मचारीलाई गरिने पत्राचारलाई निरुत्साहित गरी एस एम एस प्रणालीलाई प्रभावकारी वनाईनेछ।
- ❖ सेवाग्राही नागरिकहरुको गुनासो व्यवस्थापन गर्न हरेक वडामा एक जना गुनासो सुन्ने प्रतिनिधिको व्यवस्था मिलाइनेछ साथै गाउँकार्यपालिकामा समेत गुनासो व्यवस्थापनलाई थप व्यवस्थित वनाइनेछ। गाउँपालिकाद्धारा संचालित विभिन्न योजना तथा कार्यक्रमका सम्वन्धमा स्थानीयको सुझाव तथा गुनासो सम्वोधन गर्ने उद्धेश्यले वडा कार्यालयहरुमा गुनासो पेटीका राखिने व्यवस्था मिलाइनेछ।
- ❖ ओमसतिया गाउँपालिकाको सेवा प्रवाहलाई चुस्त र दुरुस्त रुपमा सेवा प्रवाह गरी गराई सहयोग पुर्याउने रास्ट्रसेवक कर्मचारीहरु मध्ये उत्कृष्ट कार्य सम्पादन गर्ने कर्मचारीलाई प्रोत्साहन तथा पुरस्कृत गरिने एवं दोषीलाई दण्डित गरिनेछ।
- ❖ गाउँपालिका क्षेत्र भित्र शान्ति सु-व्यवस्था कायम गर्न, सार्वजनिक सम्पत्तीको संरक्षण तथा रेखदेख गर्न, कुनै पनि किसिमका सम्प्रदायिक घटनालाई निरुत्साहित गर्न, चोरी निकासी तथा अवैध कालो वजारी नियन्त्रण गर्न र आम गाउँवासीहरुको स्वतन्त्रताको हकको सुनिश्चित गर्न नगर प्रहरीलाइ प्रभावकारी परिचालन गरिनेछ।

- क्षतिपूर्ति सहितको नागरिक वडापत्रको प्रभावकारिता वृद्धि गर्न श्रव्य दृश्य प्रविधिमा आधारित नागरिक वडापत्र तयार गरिनेछ। नागरिक वडापत्रलाई सबै तह, तप्का तथा वर्गको पहुचमा पुर्याउने तर्फ आवश्यक कार्य गरिनेछ।
- जनप्रतिनिधि तथा कर्मचारीहरुको आचार संहितको कार्यान्वयनलाई प्रभावकारी बनाइनेछ। स्थानीय तहबाट प्रदान गरिने सेवाको गुणस्तरमा सुधार गर्दै प्रक्रिया सरलीकृत गर्ने र सेवामा सर्वसाधारण जनताको पहुँच अभिवृद्धि गर्ने नीति लिइनेछ।
- प्रचलित कानून बमोजिम वडा कार्यालयबाट सम्पादन गरिने सबै किसिमका सेवाहरुलाई विकेन्द्रीकरण सेवा संचालन गर्ने र विकेन्द्रीकरण सेवा संचालनको नीतिलाई प्रभावकारी र व्यवहारिक बनाइनेछ।
- आफ्ना काम कारवाही, निर्णयहरुको नियमित प्रकाशन गरी सुसूचित गर्ने नीति लिइनेछ। यस ओमसतिया गाउँपालिकालाई भ्रष्टाचारमा शुन्य सहनशीलताको नीतिलाई निरन्तरता दिइनेछ।
- संघीय सरकार तथा प्रदेश सरकारले कार्वान्वयन गरेका नीति तथा कार्यक्रम अनुरुप दैनिक प्रशासनीक कार्य तथा कार्यालय संचालन हुने खर्चलाइ मितव्ययीता अपनाइ जनप्रतिनिधी तथा कर्मचारीको इन्धन, खाजा खर्चमा कटौति गरि सबै प्रकारका भत्ता हटाइनेछ।
- ओमसतिया गाउँपालिका, न्याय सक्षम गाउँपालिका नारालाई पुर्ण रुपमा गाउँवासीलाई न्यायीक अनुभूति दिलाउन न्यायीक समितिका पदाधिकारी तथा कर्मचारीलाई विभिन्न किसिमका तालिम तथा कार्यक्रमहरु संचालनमा ल्याईनेछ। साथै वडा स्तरमा मेलमिलाप कक्ष संचालनमा ल्याउने नीति लिइनेछ।
- आर्थिक सहायता तथा चन्दा प्रदान गर्ने जस्ता कार्यलाइ सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम प्रभावकारी रुपमा कार्वान्वयन गरिनेछ।
- नगर प्रहरीलाइ नगर प्रहरी संचालन कार्यविधि अनुसार कार्य जिम्मेवारी दिइ चोरी निकासी नियन्त्रण, फोहोरमैला व्यवस्थापन, विपद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण, अनुमानित आन्तरीक श्रोत उठाउने जस्ता कार्यहरुमा प्रयोग गरी प्रभावकारी रुपमा कार्वान्वयन गरिनेछ।
- विषयगत शाखाबाट सम्पादन भएका प्रगति विवरण चौमासिक रुपमा कार्यपालिका सदस्य तथा शाखा प्रमुखबिच समिक्षा गरी पारदर्शि तथा जवाफदेही बनाउने नीती लिइनेछ।

अन्त्यमा, यस ओमसतिया गाउँपालिका, गाउँ-कार्यपालिकाको कार्यालयले आ.व. ०७८/०७९ को लागी पारित नीति तथा कार्यक्रम अनुरुप सेवा प्रवाहलाई चुस्त र दुरुस्त बनाउन, सार्वजनिक पारदर्शिता कायम गर्न, विकास निमार्ण कार्यमा हात.मालो गर्न, आफ्नो गाउँ आफै बनाउँ अभियानलाई सार्थक बनाउन जिम्मेवार पदाधिकारी, राजनैतिक दल, गाउँवासी र राष्ट्रसेवक कर्मचारीलाई हार्दिक अनुरोध गर्दछु।

हिरा केवट राहुल
अध्यक्ष
ओमसतिया गाउँपालिका